परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १८३ पृष्ठ ४ २०८० पौष १० गते, मंगलबार 26 Dec., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



समाचार पृष्ठ २ मा

**प्रधानमन्त्री कपमा एपीएफको चौथो जित, कोशी पराजित**

आरती साह मृत्यु प्रकरण :

## पति मोतीबाबु पुनः जनकपुरबाट पक्राउ







• टक नेपाल

जनकपुरधाम । आरती साह मृत्यु प्रकरणमा उनका पति मोतीबाबु साह फेरि पक्राउ परेका छन् । उनलाई धनुषा प्रहरीले करिब ११ जनकपुरधामको सीताचोक स्थित सनुन होटेल बाट पक्राउ गरेको हो । पक्राउ परेका मोतीबाबुलाई आवश्यक प्रक्रिया पुर्याएर कारागार चलान गर्ने धनुषाका प्रहरी उपरीक्षक (एसपी) मित्रबन्धु शर्माले जानकारी दिए। उच्च अदालतको आदेशमा रिहा भएका उनलाई गत मंसिर २० गते सर्वोच्च अदालतले पुनः पुर्पक्षको लागि थुनामा पठाउने आदेश दिएको थियो । यसअघि १८ असोजमा उच्च अदालत जनकपुरले उनीसहित उनका बुबा मदनमोहनलाई समेत साधारण तारेखमा रिहा गर्ने फैसला गरेको थियो । जिल्ला अदालत धनुषाको फैसला बदर गर्दै उच्च अदालत जनकपुरले पुर्पक्षका लागि थुनामा रहेका आरतीका पति मोतीबाबु र ससुरा मदन मोहन ब्याहुत सुँडीलाई साधारण तारेखमा रिहा गर्न आदेश दिएको थियो । सो आदेशविरुद्धको रिटमा सर्वोच्च अदालतले उच्च अदालतको आदेश आंशिक उल्टाउँदै पति मोतीबाबुलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो ।

आरती गत जेठ ७ गते जनकपुर धाम उपमहानगरपालिका ९ थापाचोक स्थित आफ्नै घरमा झुण्डेको अवस्थामा मृत भेटिएकी थिइन् । उनलाई परिवारजले उपचारको लागि भन्दै काव्या अस्पताल लगेपछि प्रहरीले थाहा पाएको थियो । माइती पक्षले आरतीको दाइजोको कारण हत्या श्रीमान र ससुराले गरेको आरोप लगाउँदै आएको छ । आरतीको हत्या गरेको भन्दै उनका श्रीमान र ससुरालाई कडा कारबाही गर्न माइती पक्षले लामो समयदेखि आन्दोलन गर्दै आएका छन् । आरतीका आमा, बुवा र बहिनी विगत ६ महिनादेखि काठमाडौंमा धर्ना बसेका छन् ।

**आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।**

**अथवा**

https://talknepaltv.com/category/e-paper/

**मा पनि पढ्न सकिन्छ ।**

## हात्ती धपाउन जङ्गलमा नगर प्रमुख



• टक नेपाल

बर्दीबास । बर्दीबास नगर पालिकामा जङ्गली हात्तीको आतङ्क नियन्त्रण हुन नसक्दा स्थानीय जनता त्रासमा छन् । रातको समय बस्ती प्रवेश गर्ने हात्तीका जोडीले जनताका घर भत्काउनुका साथै बालीबिरुवामा समेत क्षति पु-याउन थालेपछि नगर प्रमुख प्रह्लाद क्षेत्री आफैं हात्ती धपाउने अभियानमा जुट्नुभएको छ। यस अभियानमा जिल्ला समन्वय समितिका प्रमुख सुमनलाल कर्ण, सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक लेखनाथ खनाल, बर्दीबास इलाका प्रहरीका प्रहरी नायब उपरीक्षक (डिएसपी) विजय यादव, सशस्त्र वन रक्षक, वन कर्मचारी, वडाध्यक्ष तथा हात्तीपीडितको संयुक्त टोलीले हात्ती लुक्ने बासस्थानको खोजी गर्ने र भगाउने प्रयास थालेको हो। दलबलसहितको यो टोलीले पूर्वपश्चिम रेलवे ट्र्याक र माइखरे आसपासका जङ्गली क्षेत्रमा पुगेर हात्ती लुक्न सक्ने सम्भावित स्थानको खोजी सुरु गरेको छ। स्याउला लिन वन पसेका स्थानीय घाँसीले कहिले रेलवे ट्र्याकको उत्तर र कहिले दक्षिणका झाडीमा हात्तीका जोडी देखेको सूचनाका आधार मा सोही क्षेत्र आसपासबाट खोजी अभियान थालिएको हो । दिनभर जङ्गली क्षेत्रमा लुकेर बस्ने यी हात्ती रात छिप्पिएपछि बस्तीमा पसेर उपद्रो गर्दै आएका थिए। जङ्गल पसेको टोलीले अहिलेसम्म हात्ती फेला पार्न नसके पनि खोजी अभियान सुरु गरेयता

बाँकी पृष्ठ ३ मा






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# नेतृत्वलाई सुधार्न प्रशासनिक इमानदारिता

हाम्रो राजनीतिक नेतृत्व अत्यधिक भ्रष्ट हुँदा मुलुकको विकास, समृद्धि र सुशासनको मार्ग अवरुद्ध हुँदै आएको यथार्थ सबैका सामु प्रस्ट छ। विशेष गरी लोकतान्त्रिक शासन व्यवस्था र गणतन्त्र स्थापना भएपछिका दिनहरुमा लोकतन्त्र र गणतन्त्र स्थापना गर्नकै लागि वर्षौंसम्म लडेका राजनीतिक दल र तिनका नेताहरुमा हुर्किरहेको भ्रष्ट चरित्र अनि संस्कारका कारण शासकीय व्यवस्थाप्रति छोटो समयमा नै चरम निराशा देखिन पुगेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहितको संविधान जारी भइसके पछि पनि मुलुकमा दुईपटक आम निर्वाचन सम्पन्न भइसकेको छ। निर्वाचन भएर आएका संघीय लोकतान्त्रिक गणतन्त्रका अधिकांश प्रतिनिधिहरु जनतालाई संघीयताको अनुभूति हुने गरी विकास, सुशासन र समृद्धि दिन करिब-करिब असफलजस्तै देखिएका छन्। यो राजनीतिक दल र तिनका नेताहरुमा देखिएको भ्रष्ट प्रवृत्तिको उपज हो। अहिले चौतर्फी बेथिति व्याप्त छ। शासकहरुलाई जनहितको कुनै वास्ता छैन। कसरी हुन्छ अकूत सम्पत्ति आर्जन गर्ने र सात पुस्ताका लागि जोहो गर्ने भन्ने ध्याउन्नमा उनीहरु देखिन्छन्। जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारीका समस्या समाधान गर्ने विषयमा दलका नेताहरु र शासकहरु कहिल्यै पनि गम्भीरतापूर्वक छलफल नै गर्दैनन्। यसको साटो उनीहरु कहाँ कसरी सेटिङ गरेर धनार्जन गर्ने, आफ्ना को-को हनुमान र भक्तजनहरुलाई राज्यशक्तिको कुन-कुन तहमा नियुक्ति गरेर ब्रह्मलुट मच्चाउन सकिन्छ भन्नेमा नै रातदिन छलफलमा जुट्ने गरेका छन्। कहीँ नभएको जात्रा हाँडीगाउँमा भन्ने उखान हाम्रा राजनीतिक दल र तिनका नेताहरुमा चरितार्थ भइरहेको छ। राजनीतिक नेतृत्वमाथि चौतर्फीरुपमा प्रश्न उठिरहेको छ। उनीहरु जनताको हितप्रति खासै समर्पित छैनन् भन्ने आमगुनासाहरु यत्रतत्र सुनिन थालेका छन्। यस्तो अवस्थामा जनतामा निराशाको मौनक्रान्ति शुरु हुन्छ। त्यस्तो अवस्था आउन किमार्थ पनि दिनुहुँदैन। राजनीतिक दलका नेताहरु जनताको अपेक्षा र चाहना पूरा गर्न असफल भइरहेको अवस्थामा कर्मचारी संयन्त्रले जनताको चाहना अनुसार आफूहरुलाई परिचालित गर्नै पर्छ। लोकतन्त्रका कर्मचारीले सेवामात्रै होइन जनतासमक्ष लोकतन्त्र नै वितरण गर्नुपर्छ भन्ने सिद्धान्त छ। यतिखेर यो सिद्धान्तको खोजी जनताले गरिरहेका छन्। डेलिभरी इन डेमोक्रेसी भनिन्छ, त्यसैले यो डेलिभरी गर्ने प्रमुख निकाय भनेकै प्रशासनिक संयन्त्र भएकाले सो संयन्त्र विशेष जिम्मेवारीका साथ अघि बढ्नुपर्ने बेला आएको छ। लोकतन्त्रमा जनताप्रति उत्तरदायी नहुने र जनताको हितमा नचल्ने संस्था टिक्दैनन्। अहिले त झन् राजनीतिक नेतृत्वले राम्ररी काम गर्न नसकिरहेको अवस्थामा स्थायी सरकारको रुपमा रहेको प्रशासन संयन्त्रले आफूलाई जनताको वास्तविक सारथीको रुपमा स्थापित गराउन सक्नुपर्छ। प्रशासन संयन्त्रले कानुन, विधि र पद्धतिलाई अक्षरशः पालना गर्नुपर्छ। आमजनतामा नेता र कर्मचारी दुवै खराब छन् भन्ने भावनाको विकास भइरहेको छ। यही चुनौतीपूर्ण अवस्थामा कर्मचारी संयन्त्रले जनताको मन जित्ने गरी काम गरेर आफूलाई असल संयन्त्रको रुपमा स्थापित गर्न सक्नुपर्छ। यसका लागि कर्मचारी संयन्त्र नैतिक संगठनको रुपमा पनि विकास हुन सक्नुपर्छ।

# प्रधानमन्त्री कपमा एपीएफको चौथो जित, कोशी पराजित

● टक नेपाल



काठमाडौं। विभागीय टिम एपीएफले प्रधानमन्त्री कप महिला टी-२० प्रतियोगितामा कोशी प्रदेशमाथि ८ विकेटको जित हात पारेको छ। सोमबार कोशी प्रदेशले पहिलो हार ब्यहोर्दा एपीएफले भने चौथो जित निकाल्यो। मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको कोशीले निर्धारित २० ओभरमा २ विकेट गुमाउँदै ८४ रन मात्र बनाएको हो। कोशीले दिएको ८५ रनको विजयी लक्ष्य पछ्याएको एपीएफले १७.३ ओभरमा २ विकेट गुमाउँदै लक्ष्य भेट्टायो। एपीएफका लागि इन्दु बर्माले सर्वाधिक अविजित ३६ रन जोडिन्। ओपनर ज्योति पाण्डेले २४, सीता रना मगरले १८ र रोमा थापाले अविजित १० रन जोडे। कोशीका लागि अलिसा खडिया र निशा शाहले समान १/१ विकेट लिए। पहिले ब्याटिङ गरेको कोशीका लागि कप्तान रुबिना क्षेत्रीले सर्वाधिक ४१, काजल श्रेष्ठले अविजित २५, अप्सरी बेगमले १३ र सबनम राई १ रनमा अविजित रहिन्। बलिङतर्फ एपीएफका लागि सोनु खड्का र करुणा भण्डारीले १/१ विकेट लिए। प्रधानमन्त्री कप टी-२० मा एपीएफले यसअघि सुदूरपश्चिम प्रदेशलाई ९ विकेट, मधेशलाई १ विकेट र लुम्बिनीलाई ९० रनले पराजित गरेको थियो। कोशीले भने यसअघि कर्णालीलाई १० विकेट, बागमतीलाई ८ विकेट र मधेश माथि ६० रनले पराजित गरेको थियो। एपीएफले अर्को खेल त्रिवी मैदानमा कर्णाली प्रदेशसँग खेल्नेछ भने कोशीले गण्डकी प्रदेशसँग मूलपानीमा खेल्नेछ।

रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी, मधेश प्रदेश, नेपाल

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरु :

- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो।

"थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

सोनमा गाउँपालिका
सोनमा, महोत्तरी, मधेश प्रदेश

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। | तुला | व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। |
| बृष | कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। | वृश्चिक | साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ। |
| मिथुन | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ। | धनु | अवसर मिले पनि प्रतिद्वन्द्वीको भयले सताउन सक्छ। |
| कर्कट | आम्दानीका विभिन्न स्रोत देखिए पनि लगानीतर्फ लागत बढ्ने समय छ। | मकर | नयाँ अवसरका साथै भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। |
| सिंह | केही विवादास्पद कामको आक्षेप लागे पनि पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ। | कुम्भ | तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। |
| कन्या | मिहिनेतले पदीय जिम्मेवारी दिलाउनेछ। | मीन | हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले काम दोहोर्याउनुपर्ला। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।

# बुवाको साथीबाट ७ वर्षीया बालिकामाथि जबरजस्ती करणी, जिल्ला अदालतद्वारा जन्मकैदको फैसला

● टक नेपाल




बारा । ७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको मुद्दामा जीतपुर सिमरा वडा नं ७ स्थित काठ तथा फर्निचर मिलमा कार्यरत भुवन चौधरी भन्ने हेमन चौधरीलाई बारा जिल्ला अदालतले जन्मकैदको फैसला गरेको छ। जिल्ला अदालत बाराका न्यायाधीश प्रकाश राउतको एकल इजलासले चौधरीलाई जन्मकैदको फैसला सुनाएको हो । मुद्दामा पीडित बालिकाको तर्फबाट जिल्ला न्यायाधिवक्ता लोकराज पोखरेल र प्रतिवादी चौधरीको तर्फबाट नागेन्द्र राउतले बहस गरेका थिए । जिल्ला अदालत बाराले प्रतिवादी उपरको किटानी जाहेरी, घटनास्थलको मुचुल्का, घटनाको विवरण कागज तथा पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा चिकित्सकले अदालतमा गरेको बकपत्र, मौकामा बुझिएका मानिसहरूको भनाइलाई प्रमाणको रूपमा लिएर फैसला सुनाएको छ । सो घटनामा डा. सुरजकुमार चौरसियाले बालिकाको शारीरिक परीक्षण गरेका थिए । डा. चौरसियाको बयानमा पीडित बालिकाको बुवाको साथी एउटै मिलमा काम गर्ने भएकोले हेरविचारको लागि डेरा कोठामा छाडी जाने गरेका थिए । घटना भएको दिन पीडितको बुवाको साथीले बालिका सुतिरहेको अवस्थामा अर्को कोठामा लगेर जबरजस्ती करणी गरेका थिए। घटनापछि पीडित बालिका बोल्न नसक्ने अवस्थामा भएकाले घटनाबारे बहिनीले बयान दिएको डा. चौरसियाले जनाएका छन् ।

प्रतिवादी भुवन चौधरी भन्ने हेमन चौधरी र पीडित वालिकाका बुवा लामो समयदेखि जीतपुर सिमरा वडा नं ७ स्थित फर्निचर उद्योगमा सँगै काम गर्दै आएका साथी हुन् । २०७९ असोज ८ गते पीडित बालिकाका अभिभावक काम विशेषले हेटौडा गएको अवस्थामा काठ मिलमा सँगै काम गर्ने भुवन चौधरीको घरमा उनीहरूले छोराछोरी छाडेका थिए । चौधरीको पनि साना छोराछोरी भएकाले दिनभर उनीहरूसँगै खेल्ने गरेकोले पीडित बालिकाका अभिभावकले विश्वासको भरमा उनलाई त्यसदिन भुवन चौधरीको घरमा छाडेका थिए। तर सोही दिन चौधरीले राती करिब १० बजेको समयमा बालिकालाई सुतिरहेको ठाउँबाट उठाएर अन्यत्र लगेर जबरजस्ती करणी गरेका थिए। घटना पश्चात् बालिका रोई कराइ गरेपछि चौधरीले सुरुमा पैसा दिन्छु भन्दै फकाएको र नमानेपछि घटनाबारे कसैलाई भने मार्ने धम्की दिएका थिए। असोज ८ गते राति भएको घटनामा पीडित बालिकाको अभिभावक भोलिपल्ट घर फर्किएपछि छोरीले पेट र पिसाब फेर्ने ठाउँ दुखेको छ भन्दा के भयो भनी सोध्दा पीडित बालिकाले घटनाबारे सबै कुरा अभिभावकलाई बताएकी थिइन् । त्यसपछि पीडित बालिकाका अभिभावकले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को ३ (क) बमोजिम सजायको माग गर्दै बारा जिल्ला अदालतमा अभियोगपत्र दायर गरेका थिए । सो मुद्दामा बारा जिल्ला अदालतले मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (३) (क) बमोजिम प्रतिवादी चौधरीलाई जन्मकैदको सजाय हुने तथा दफा (३) (क) बमोजिम सात लाख रुपैयाँ जरिवाना हुने ठहर गरेको छ। साथै जरिवाना बापतको रकम पीडित राहत कोषमा जम्मा गरी कोषमार्फत बालिकालाई भराइदिन निर्देशन समेत दिएको छ। मुलुकी अपराध संहिता २०७४ को दफा २२८ बमोजिम प्रतिवादी चौधरीबाट क्षतिपूर्ति बापत थप २ लाख भराउने पनि फैसलामा उल्लेख गरिएको छ। २०७९ असोज १३ गतेदेखि वीरगन्ज कारागारमा थुनामा रहेका चौधरीलाई जिल्ला अदालत बाराले गरेको जन्मकैदको फैसला बारे सूचना दिन जानकारी गराइएको छ। गत वर्ष असोज ८ गते भएको सो घटनामा बारा जिल्ला अदालतले ३ महिनाअघि फैसला प्रमाणीकरण गरेर केही दिनअघि पूर्ण पाठ सार्वजनिक गरेको हो । जिल्ला सरकारी वकिल कार्यालय जिल्ला न्यायाधिवक्ता कैलाश क्षेत्रीले १० वर्षमुनिका बालिकाहरू माथि हुने जबरजस्ती करणीका घटनामा जन्मकैदको सजाय हुने कानुनी व्यवस्थालाई सार्वजनिक रूपमा प्रचार प्रसार गर्न सके बालिकामाथि हुने जबरजस्ती करणीका घटनामा कमी आउने सक्ने बताउँछन् । '१० वर्ष मुनिका बालिकाहरूलाई जबरजस्ती करणी गर्दा बाचुन्जेल जेलमा बस्नुपर्छ है भन्ने कानुनमा उल्लेख भएको कुरा धेरै थाहा छैन,' जिल्ला न्यायाधिवक्ता क्षेत्रीले भने, 'स्थानीय तहहरूले अलि गम्भीर यस्ता घटनामा कानुनी कारबाही के छ, यस्ता घटनाहरू कसरी कम गर्न सकिन्छ भन्ने विषयमा सार्वजनिक रूपमा बहस चलाउनु पर्दछ' यता जिल्ला अदालत बाराले प्रत्येक महिना ३ देखि ४ जना बालिका र महिलामाथि हुने जबरजस्ती करणीका

# बाघको आक्रमणबाट पर्सामा एक जनाको ज्यान गयो



● टक नेपाल

पर्सा । बाघको आक्रमणमा परि पर्सामा एक जनाको ज्यान गएको छ । पर्साको पटेर्वा सुगौली गाउँपालिका २ का ३२ वर्षीय मनोज उरावँ धाँगडको बाघको आक्रमणमा परि ज्यान गएको हो । हिजो आइतबार साँझ जंगल छेउमा दिसा गर्न गएका उनी राति घर नपुगेपछि उनको खोजतलास गर्ने क्रममा जङ्गलमा उनले लगाएको चप्पल भेटिएको हो । चप्पल भएकै ठाउँभन्दा केहि पर बाघको पञ्जाको डोब र मृतकको मोबाइल भेटिएको थियो । साथै बाघले खाएर छाडेको शरीरको केहि अवशेष समेत भेटिएको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए ।

# हात्ती धपाउन...

बस्तीमा हात्ती प्रवेश नगरेको स्थानीयले जनाएका छन्। हात्तीका जोडीले दुई महिनाको अवधिमा बर्दीबास वडा नं २ तथा वडा नं ८ का विभिन्न टोलमा प्रवेश गरी १८ बिघामा लगाइएका अन्न तथा तरकारी बाली सखाप पार्नुका साथै १५ परिवारको घर भत्काएको वडाध्यक्षहरू श्यामराजा सिंह तथा शमशेरसिंह लामाले बताउनुभयो। नगर क्षेत्रमा प्रवेश गरेका हात्तीका कारण सर्वसाधारण आक्रान्त बने पछि आफ्नै पहलमा हात्ती धपाउने प्रयास गरेको नगर प्रमुख क्षेत्रीले बताउनुभयो। हात्ती आतङ्क नियन्त्रण तथा रोकथामका लागि अन्य विकल्प नदेखिएपछि 'खोज र धपाउ' अभियान सुरु गरिएको नगर प्रमुखको भनाइ छ। क्षेत्रीले भन्नुभयो "हात्तीकै कारण दुई महिनादेखि जनताले न सुत्न पाएका छन् न बालीबिरुवा भन्न पाएका छन्। समाधानको अन्य विकल्प पनि नदेखिँदा धपाउन अभियान सुरु गरेका हौं।" विगत केही समययता जङ्गली क्षेत्र छाडेर बस्ती पस्न थालेका दुर्लभ वन्यजन्तु र जिल्लाको उत्तरी क्षेत्रका स्थानीयबिच हुने गरेका सङ्घर्षले दुवै थरी आक्रान्त छन्। पातलिँदै गएका जङ्गल, मानवीय हस्तक्षेप, पानी र चरिचरणका अभावले हात्तीलगायतका वन्यजन्तु गाउँबस्ती प्रवेश गर्न थालेको वनकर्मीको भनाइ छ। वन्यजन्तुमैत्री विकास संरचना नबनाइँदा पनि यिनीहरूको पारिस्थितिकीय प्रणाली बिग्रेको छ। अहिले विद्युत् टावर, सडक, रेलवे ट्र्याकलगायत राष्ट्रिय मह□वका आयोजनाको नाममा वनजङ्गल फाँडिँदै गएका छन्। वन्यजन्तुको सुविधालाई प्राथमिकतामा नराखी निर्माण गरिएका यी संरचनाले यिनीहरूको आवास उजाडिँदै गएका छन् भने सहज आवागमनसमेत अवरुद्ध भएको डिभिजन वन प्रमुख सन्तोष झाले बताउनुभयो। "मानव र वन्यजन्तुबिच पछिल्लो समय देखा परेको द्वन्द्वको कारण वन्यजन्तुमैत्री विकास निर्माण उपेक्षित हुनु पनि हो," झाले भन्नुभयो, "अहिलेका संरचनाले यिनीहरूको बासस्थान मात्र पातलिएका छैनन्, जङ्गली क्षेत्रमा निर्मित सडक र रेलवे ट्र्याकको अग्ला डाँडाले यिनको निर्बाध आवागमनमा पनि छेकबार लगाएकाले हात्तीलगायतका वन्यजन्तु मानव बस्ती पस्ने क्रम बढेको छ।"

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)




हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# आफूले पढाएको सम्झनामा विद्यालयमा झण्डा स्तम्भको शिलान्यास



• टक नेपाल

महोत्तरी । महोत्तरीको गौशाला नगरपालिका वडा नं.११ स्थित श्री नेपाल राष्ट्रिय जनता आधार भूत विद्यालय बहादुरगन्ज ७ को प्राङ्गणमा झण्डा स्तम्भको शिलान्यास गरिएको छ । सोही विद्यालयमा अध्यापन गराउदै आई रहेको किशोरी राय यादवले ६० वर्ष पूरा गरेको अनिवार्य अवकाश पछि विद्यालयको प्राङ्गणमा नेपालको राष्ट्रिय झण्डा स्तम्भ निर्माणको शिलान्यास गरिएको छ । शिलान्यासमा किशोरी राय यादव र उनको श्रीमती पार्वती देवीले शिलान्यास पुजा गरि परम्परा अनुसार कर्मनिष्ठा पुर्वक पुजा गरेका छन् । आफूले पढाएको सम्झनामा यस विद्यालयमा निर्माण गर्ने झण्डा स्तम्भको सम्पुर्ण खर्च बेहोर्ने यादवले बताए । सो शिलान्यास कार्यक्रममा विद्यालयको प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, समाजका अगुवा तथा युवाहरु उपस्थिथि रहेको थियो ।

# अयोध्याको नवनिर्मित राममन्दिरको प्राणप्रतिष्ठामा जानकी मन्दिरबाट उपहार पठाइने

• टक नेपाल



जनकपुरधाम । भारतको अयोध्यामा आगामी माघ ८ गते हुने 'श्रीराम मन्दिरमा प्राण प्रतिष्ठा' का अवसरमा नेपालबाट जनकपुरधाम-अयोध्याधाम यात्रासहित उपहार पठाइने भएको छ । जानकी मन्दिरको अगुवाइमा जनकपुरधामबाट अयोध्यासम्म विशेष यात्रासहित यहाँको उपहार पठाइन लागेको जानकी मन्दिरका सहमहन्थ रामरोशन दास वैष्णवले जानकारी दिए । उपहारमा विभिन्न प्रकारका आभुषण, भाँडावर्तन, समावेश गरिनेछ । उनका अनुसार माघ ६ गते अयोध्यामा राम जन्मभूमि राममन्दिर ट्रष्टलाई उपहार हस्तान्तरण गर्ने योजनासहित माघ ४ गते जनकपुरबाट यात्रा प्रारम्भ हुनेछ। जनकपुरधामबाट जलेश्वर नाथ, मलङ्गवा, सिम्रौनगढ, गढीमाई, वीरगञ्ज हुँदै भारतको बेतिया, कुशीनगर, सिद्धार्थनगर गोरखपुरसम्म विधिन्न धार्मिकस्थलको दर्शन गर्दै अयोध्या पुग्ने कार्यक्रम छ । त्यसैगरी सहमहन्थ दासको नेतृत्वमा उपहार यात्राका मूल समारोह समितिसमेत गठन गरिएको छ । समितिको संरक्षकका रूपमा जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव, जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोजकुमार साह रहनेछन् ।

# प्रदेश सभा सदस्यलाई दक्षता अभिवृद्धि तालिम

• विजयकुमार साह



ढल्केबर । मधेश प्रदेश सभा सदस्यलाई दक्षता अभिवृद्धि तालिम दिइएको छ । महिला तथा सीमान्तकृत समुदायका समस्यालाई सम्बोधन तथा कार्यान्वयन गराउने उद्देश्यले सो तालिम दिइएको हो । शान्तिका लागि साझा अभियान (कोक्याप) मधेश प्रदेश सचिवालय जनकपुरको आयोजनामा जनकपुरमा शनिबार र आइतबार गरी दुई दिनसम्म चलेको सो तालिममा दलित तथा सीमान्तकृत समुदायका छ जना महिलासहित २० जनाभन्दा बढी प्रदेश सभा सदस्यको सहभागिता थियो । महिला तथा सीमान्तकृत समुदायका समस्यालाई प्रदेश सभामार्फत प्रदेश सरकार र सङ्घीय सरकारसम्म कसरी पुऱ्याउने र त्यसलाई कसरी कार्यान्वयन गराउने विषयमा तालिम सञ्चालन गरिएको आयोजक संस्थाका प्रभात भट्ले बताउनुभयो । तालिममा संसदीय अभ्यास, संविधानले दिएको अधिकार, संसदभित्र हुने क्रियाकलाप, शून्य र विशेष समयमा समुदायका समस्यालाई कसरी छोटो मिठो शैलीमा सम्बोधन गर्ने विषयमा पनि तालिम दिइएको उहाँले जानकारी दिनुभयो ।

# कार्यालयमा कर्मचारी अभाव हुँदा सेवाग्राहीलाई सास्ती

• टक नेपाल




काठमाडौं । कर्मचारीहरु कार्यालयमा नहुँदा भूमिसुधार तथा मालपोत कार्यालय धनुषामा कामका लागि आएका सेवाग्राहीहरु रित्तै हात फर्किन बाध्य हुने गरेका छन् । दैनिक जसो करिब दुई दर्जनभन्दा बढी सेवाग्रहीहरु अदालतको फैसलाद्वारा गरिने दाखिला, मिलमात्र, संशोधन लगायतका कामहरु लिए आउने गरेका छन् । तर मालपोत कार्यालयमा कर्मचारी नहुँदा र भएका कर्मचारीले समेत आलटाल गर्दा एउटै कामका लागि महिनौ धाउनु परिहेको सेवाग्राहीहरु बताउँछन् । धनुषाका मिथिलाविहारी नगरपालिकाका सेवाग्राही नितिशराज यादवले अदालतबाट जग्गा रोक्काको लागि कागजजातसहित फाँटमा बुझाउन आउँदा समेत अर्को दिन आउन भनेर फर्काइदिएको दुःखेसो पोखे । मालपोत कार्यालयको मुद्दा शाखामा दुई जना मात्र कर्मचारी छन् । मुद्दा शाखामा विशेषज्ञ कर्मचारी नहुँदा कामको चाप बढिरहेकाले समस्या हुने गरेको छ । उनका अनुसार कार्यालयमा कामचलाउ कर्मचारी मात्र भएकोले काममा ढिलाइ हुने गरेको र मुद्दा शाखाको मात्र गुनासो आउने गरेको निमित्त प्रमुख सिंहबहादुर स्याँगबाले जानकारी दिए । कार्यालयका अधिकांश फाँटमा समयमा कर्मचारी नआउँदा सेवाग्राहीहरुको गुनासो रहने गरेको छ । सेवाग्राहीको समस्यालाई मध्यनगर गर्दै विशेषज्ञ कर्मचारीका लागि केन्द्रमा पत्राचार गरिसके को निमित्त प्रमुख स्याँगबाले बताए । धनुषाको अत्यधिक भीडभाड हुने कार्यालयहरु मध्येमा भूमिसुधार तथा मालपोत कार्यालय धनुषा पनि हो । भएका कर्मचारीहरुसमेत समयमा नआउँदा र कर्मचारीको अभावमासमेत सेवाग्राहीहरुले सास्ती खेप्न बाध्य छन् ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
-RBC
-LFT/RFT
-TSH
-URINE R/E
-LIPID PROFILE
-USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com